سفارة نيبال
الكويت

# नेपाली राजदूतावास
कुवेत
# Embassy of Nepal
Kuwait

मितिः ४ श्रावण, २०६७

## प्रेस विज्ञप्ति

दूतावासमा शरण लिन आएका महिला कामदारहरूमध्ये केहीलाई दलालहरूले जवर्दस्ती यौन व्यवसायमा लगाउने गरेको कुराबारे यहाँको सरकारलाई औपचारिक रूपमा जानकारी गराइएको थियो । साथै नेपाल प्रहरीले जारी गर्ने चारित्रिक प्रमाणपत्रहरू पनि थुप्रै नक्कली भेटिएकाले हाल दूतावासले प्रहरी प्रधान कार्यालयसँग प्रत्येक जसो प्रतिवेदनबारे शङ्का लागेमा सोधपूछ गर्ने गरेको छ र यसमा त्यहाँबाट ठूलो सहयोग प्राप्त गरिरहेको छ । यस्ता कागजातहरूमा अहिले दूतावासको हस्ताक्षर र छाप समेत कीर्ते गरेको शङ्का लागी यसबारे पनि कुवेती अधिकारीहरूलाई छानविन गरिदिन आग्रह गरिएको थियो । सोही अनुसार सरकारी स्तरमा निकै तदारूकताका साथ छानवीन र अनुसन्धान भइरहेको छ । केही दिन अघि यहाँको फाहाहील क्षेत्रमा छापा मारेर एउटा गिरोहलाई पक्राउ गरी अनुसन्धान भईरहेको पनि छ । जसमा जाली कागजात र अवैध यौन व्यवसायमा (बिदेशी र) धेरै नेपालीहरू पनि संलग्न रहेको शङ्का गरिएको छ । जाली प्रहरी प्रतिवेदनका कागजात नेपालबाटै पनि आउने गरेको र त्यस्तो भएको अवस्थामा सम्बन्धित कामदारलाई जेल सजाय र यहाँबाट निकाला समेत गर्ने कानूनी व्यवस्था भएकोले यसबारे कुवैत आउने कामदारले समेत सतर्कता अपनाउनु आवश्यक छ ।

EMBASSY OF NEPAL STATE OF KUWAIT

नेपाली राजदूतावास
कुवैत